# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

प.सं. २०८२/०८३
च.नं. —

मिति २०८२।०७।१२
ने.सं ११४६, कछलाथ्व सप्तमी

## "वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धी सूचना"

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (वैदेशिक रोजगार बोर्डको सचिवालय) को मिति २०८२।०७।०३ को सूचना अनुसार वैदेशिक रोजगारीमा गएर मृत्यू, अंगभंग वा बिरामी भई कल्याणकारी कोषबाट सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका कुनै पनि सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। साथै छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका इच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तति छात्रवृत्ति संचालन कार्यविधि, २०८० को अनुसूची १ बमोजिमको ढाँचामा २०८२ कार्तिक मसान्तभित्र सम्बन्धित विद्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै विस्तृत जानकारीको लागि यसैंसाथ संलग्न वै. रो. बो. स. को सूचना हेर्न समेत अनुरोध गरिन्छ।

**अ) पहिले देखि नै छात्रवृत्ति पाइरहेका छात्र/छात्राहरुले पेश गर्नु पर्ने आवश्यक कागजात:**

क. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,
ख. कामदारको राहदानीको प्रतिलिपि,
ग. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिश (अनुसूची २) ,
घ. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता (चेकको प्रतिलिपि)।

**आ) आ.व. २०८२।०८३ मा पहिलो पटक छात्रवृत्तिको लागि निवेदन दिने छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,
ख. कामदारको राहदानीको प्रतिलिपि,
ग.अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिश (अनुसूची २),
घ. जन्मदर्ता प्रतिलिपि,
ङ. अभिभावकको नागरिकताको प्रतिलिपि,
च. कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
छ. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता (चेकको प्रतिलिपि)।

.............................
(सुरेश भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

9760870079

info@ribdikotmun.gov.np

www.ribdikotmun.gov.np


प.सं. २०८२/०८३

च.नं. ३४२

मिति २०८२।०७।१२

ने.सं ११४६, कछलाथ्य सप्तमी

श्री विद्यालयहरु सबै,

रिब्दीकोट गाउँपालिका, पाल्पा ।

**विषय : वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धमा ।**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (वैदेशिक रोजगार बोर्डको सचिवालय) को मिति २०८२।०७।०३ को सूचना अनुसार वैदेशिक रोजगारीमा गएर मृत्यू, अंगभंग वा बिरामी भई कल्याणकारी कोषबाट सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका कुनै पनि सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। साथै छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका इच्छुक विद्यार्थीहरुको निवेदन मिति २०८२ मंसिर ७ गते भित्र गाउँपालिकाको शिक्षा शाखा वा रोजगार सेवा केन्द्रमा तपशिलका कागजात सहित सिफारिश गर्नु हुन अनुरोध गरिन्छ । साथै विस्तृत जानकारीको लागि यसैंसाथ संलग्न वै. रो. बो. स. को सूचना हेर्न समेत अनुरोध गरिन्छ।

**अ) पहिले देखि नै छात्रवृत्ति पाइरहेका छात्र/छात्राहरुले पेश गर्नु पर्ने आवश्यक कागजातहरु:**

क. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

ख. कामदारको राहदानीको प्रतिलिपि,

ग. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिश (अनुसूची २),

घ. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता (चेकको प्रतिलिपि)।

**आ) आ.व. २०८२।०८३ मा पहिलो पटक छात्रवृत्तिको लागि निवेदन दिने छात्र/छात्राहरुले पेश गर्नु पर्ने आवश्यक कागजातहरु:**

क. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

ख. कामदारको राहदानीको प्रतिलिपि,

ग.अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिश (अनुसूची २),

घ. जन्मदर्ता प्रतिलिपि,

ङ. अभिभावकको नागरिकताको प्रतिलिपि,

च. कामदार अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,

छ. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता (चेकको प्रतिलिपि)।

.................................

(सुरेश भुषाल)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची – १
## छात्रवृत्तिको लागि दिने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रधानाध्यापक ज्यू,

.............................................

...............................................

**विषय: वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिश उपलब्ध गराई दिनु हुन ।**

महोदय,

उपरोक्त सम्बन्धमा (मेरो बुवा/आमा).......................................................को वैदेशिक रोजगारीका लागि सिलसिलामा मिति ................................ मा ................................................................ देशमा मृत्यू/अंगभंग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**अ) पहिले देखि नै छात्रवृत्ति पाइरहेका छात्र/छात्राहरुको लागि आवश्यक संलग्न कागजातहरु:**

क. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

ख. कामदारको राहदानीको प्रतिलिपि,

ग. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिश (अनुसूची २),

घ. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता चेकको प्रतिलिपि

**आ) आ.व. २०८२।०८३ मा पहिलो पटक छात्रवृत्तिको लागि निवेदन दिने छात्र/छात्राहरुको लागि आवश्यक संलग्न कागजातहरु:**

क. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

ख. कामदारको राहदानीको प्रतिलिपि,

ग.अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिश (अनुसूची २),

घ. जन्मदर्ता प्रतिलिपि,

ङ. अभिभावकको नागरिकताको प्रतिलिपि,

च. कामदार अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,

छ. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता चेकको प्रतिलिपि ।

निवेदक

दस्तखत:

नाम, थर :

ठेगाना :

सम्पर्क नं :

कक्षा :

रोल नं :

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची – २
## विद्यालयको सिफारिशको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रिब्दीकोट गाउँपालिका–खस्यौली, पाल्पा ।

**विषय: सिफारिश सम्बन्धमा ।**

महोदय ,

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यू/अंगभंग बिरामी भई बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपशिल बमोजिमका छात्र छात्राहरुलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिश गरिएको व्यहोरा अनुरोध छ ।

| सि नं | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं | वैदेशिक रोजगारमा मृत्यू वा अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यू वा अशक्त भएको परिवारसँगको नाता सम्बन्ध | मृत्यू वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**अ) पहिले देखि नै छात्रवृत्ति पाइरहेका छात्र/छात्राहरुको लागि आवश्यक संलग्न कागजातहरु:**

क. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,
ख. कामदारको राहदानीको प्रतिलिपि,
ग. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिश (अनुसूची २),
घ. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता चेकको प्रतिलिपि

**आ) आ.व. २०८२।०८३ मा पहिलो पटक छात्रवृत्तिको लागि निवेदन दिने छात्र/छात्राहरुको लागि आवश्यक संलग्न कागजातहरु:**

क. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,
ख. कामदारको राहदानीको प्रतिलिपि,
ग.अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिश (अनुसूची २),,
घ. जन्मदर्ता प्रतिलिपि,
ङ. अभिभावकको नागरिकताको प्रतिलिपि,
च. कामदार अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
छ. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता चेकको प्रतिलिपि ।

प्र.अ को नाम, थर :
दस्तखत
ठेगाना :
सम्पर्क नं :
विद्यालय:

वैदेशिक रोजगार सन्तती छात्रवृति सहायताका लागि निबेदन दिने बारेको सूचना

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**वैदेशिक रोजगार बोर्डको सचिवालय**

बबरमहल, काठमाडौं ।

## वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिने बारेको सूचना

**सूचना प्रकाशित मिति: २०८२/०७/०३**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारकमा गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफू अध्ययनरत रहेको शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूची (१) बमोजिमको ढाँचामा २०८२ साल कार्तिक मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. विद्यार्थीले निवेदन पेश गर्ने निकाय:** २०८२ कार्तिक मसान्तभित्र आफु अध्ययनरत विद्यालयमा कार्यविधिको अनुसूची - १ बमोजिमको ढाँचामा, विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहबाट बनाई अध्ययनरत विद्यालयमा छात्रवृत्तिको निवेदन पेश गर्नुपर्ने ।

**अ) पहिले देखिनै छात्रवृत्ति पाईरहेका छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसुची - १ बमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिलपि,
ग) अध्ययन गरीरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

**आ) आ. व. २०८२/०८३ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिलपि,
ग) अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) जन्मदर्ताको प्रतिलिपि,
ङ) अभिभावकको नागरिकताको प्रतिलिपि,
च) कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
छ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

**२. छात्रवृत्ति प्राप्त गर्ने लक्षित वर्ग:**

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु वा अंगभंग वा विरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी, (शतप्रतिशत आर्थिक सहायता भन्नाले २०६५/७/१८ देखि २०६८/२/१९ सम्म रू. १ लाख, २०६८/२/२० देखि २०७१/६/३० सम्म रू. १ लाख ५० हजार, २०७१/६/३१ देखि २०७४/४/१५ सम्म रू.३ लाख, २०७४/४/१६ देखि २०८१/०७/०७ गते सम्म रु ७ लाख र २०८२/०८/०८ गते देखि निवेदन दिने अन्तिम मिति सम्म रू. १० लाख प्राप्त गरेको हुनुपर्ने । मृत्यु वा अंगभंग भएको तर आर्थिक सहायता/क्षतिपूर्ति बापत पूर्ण रकम प्राप्त नगरेका लाभग्राहीलाई यो छात्रवृत्ति प्राप्त नहुने) ।
- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८२ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकालाई मात्र शैक्षिक सत्र २०८२ को छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**३. छात्रवृत्तिको रकमको सीमा:**

- वार्षिक रूपमा आधारभूत तहमा अध्ययनरतका लागि रू. १२,०००। (बाह्र हजार) र माध्यमिक तहका लागि रू. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रूपमा एकमुष्ट छात्रवृत्ति रकम सीधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ । एउटा कामदारका जति संख्यामा योग्यता पुगेका सन्तती भए पनि सहायता उपलब्ध हुनेछ ।

**४. विद्यार्थी एवं अविभावकको जिम्मेवारी:**

- सूचना प्राप्त भएपश्चात कार्यविधि अध्ययन गरी सो बमोजिमका सम्पूर्ण कागजात तयार गरी सम्बन्धित विद्यालयमा निवेदन पेश गर्ने ।

**५. विद्यालयको जिम्मेवारी:**

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने र संकलन गर्ने ।
- विद्यार्थी अध्ययनरत कक्षा खुल्ने सिफारिस प्रदान गर्ने ।
- संकलित निवेदन अनुसुची -२ बमोजिमको ढाँचामा तयार गरी २०८२ मंसिर ७ गतेभित्र सम्बन्धित स्थानीय तहमा पठाउने ।

**६. स्थानीय तहको जिम्मेवारी ।**

- विद्यालयबाट प्राप्त वैदेशिक रोजगार छात्रवृत्ति सिफारिस गर्ने कार्यविधिको दफा ७(५) बमोजिम शिक्षा समितिको निर्णय गराउने ।
- सचिवालयको अनलाईन प्रणाली (Foreign Employment Welfare Information Management System–FEWIMS) प्रयोग गर्ने स्थानीय तहबाट तोकिएका फोकल पर्सन मार्फत २०८२ पुष मसान्तभित्रमा प्रविष्ट गर्ने व्यवस्था मिलाउने ।

**नोट: थप जानकारीका लागी श्रम कल सेन्टरको नि:शुल्क सम्पर्क नम्बर ११४१ मा सम्पर्क गर्न सकिनेछ ।**

CS Scanned with CamScanner

View all Download Document

आशयपत्र माग गरिएको सूचना